जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

# श्रेणीविहिन कर्मचारीको तह कायम र स्तरवृद्धि सम्बन्धी सूचना !

**(सूचना नं. ०६/२०८३-०८४, मितिः २०८३/०४/१३)**

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३९ तथा सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ को नियम १६६ बमोजिम ऐन प्रारम्भ हुनु अघि श्रेणीविहीन पदमा बहाल रहेका कर्मचारीहरूलाई स्वतः सहायक प्रथम तह कायम गरी सोही बमोजिम स्तरवृद्धि गर्ने व्यवस्था रहेको छ।

विभागीय सजाय पाई बढुवा रोक्का वा तलबवृद्धि रोक्का नभएका, पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकनमा औषत नब्बे प्रतिशत (९०%) वा सोभन्दा बढी अंक प्राप्त गरेका तथा प्रचलित कानून बमोजिम योग्य रहेका श्रेणीविहीन कर्मचारीहरूले तह कायम तथा स्तरवृद्धिका लागि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र देहायका कागजातहरूसहित यस कार्यालयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल (पेश गर्नुपर्ने आवश्यक कागजातहरू):**

१. सक्कल निवेदन

२. हालको पदको नियुक्ति पत्रको प्रतिलिपि

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. कर्मचारी समायोजन ऐन बमोजिम समायोजन भएको पत्रको प्रतिलिपि

५. अद्यावधिक व्यक्तिगत विवरण (PIS) को प्रतिलिपि

६. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकन फाराम पेश गरेको निकायको विवरण

७. हालसम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम स्तरवृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा

**(नोटः म्याद नाघी आएका वा रीत नपुगेका निवेदनहरूमाथि कुनै कारबाही हुने छैन।)**

Email: jorayalrlmp@gmail.com    Phone: 9858427654    Website: jorayalmun.gov.np